# नभेटिने क्षितिज

✍. दिया प्रधान

कक्षा : १० 'ख'

इच्छा र आवश्यकताको बिचमा हामीले स्पष्ट सीमारेखा खिच्न सक्यौँ भने संसारका धेरै समस्या स्वत : हराएर जाने छन् । झट्ट हेर्दा इच्छा र आवश्यकता समान देखिए पनि यिनीहरू बिचमा धेरै ठुलो अन्तर छ र यही अन्तर बुझ्न नसकेर मानिस तनावमा बाँच्न बाध्य भएका छन् । आवश्यताहरू अस्तित्वगत हुन्छन् । यीबिना जीवन असम्भव हुन्छ तर इच्छाहरू अस्तित्वगत नभएर मस्तिष्कबाट पैदा हुन्छन् र असीमित छन् ।

मानिसको आवश्यकता के हो ? भोजन, वस्त्र, आवास र एक प्रेमपूर्ण र स्वतन्त्र परिवेश । प्रकृतिसँग सबैको आवश्यकता पूरा गर्न सक्ने क्षमता भएकोले मानिसले आफ्नो आवश्यकता सीमित गऱ्यो भने सबैको आवश्यकता पूरा हुन सक्छ र यो संसार शान्तिको एक सुन्दर फूलबारी बन्छ तर यसको मुख्य बाधक मानिसका असीमित इच्छाहरू नै हुन् किनकि ऊ धेरै अनावश्यक कुराको मालिक आफू नै बनूँ भन्ने आकाङ्क्षा राख्छ र जति सम्पत्ति कमाए पनि अतृप्त नै रहन्छ । यसैबाट शोषणको जाल र असमानताको खाल्डो पनि पैदा हुन्छ । मनुष्यको मन अनन्त इच्छाले बनेको हुन्छ र त्यही मनले नै भविष्यमा यी इच्छाहरूको पूर्ति गर्ने उपाय खोजिरहेको हुन्छ तर यो प्रयासमा ऊ कहिल्यै पनि पूर्ण सफल हुन सक्दैन किनभने इच्छाहरू क्षितिजजस्तै हुन् । क्षितिजमा हेर्दा आकाश र जमिन मिलेको ठाउँ नजिकैजस्तो लाग्छ तर जति अगाडि गए पनि क्षितिज भेटिँदैन । अझ अगाडि गए यो मिलनको भान झन् अगाडि सर्दै जान्छ । क्षितिज मिलन हैन, त्यस्तो देखिन्छ । त्यस्तै इच्छाहरू भविष्यमा पूरा हुने भान मात्र हुन्, कहिल्यै पूरा हुँदैनन् । आज यदि हामीसँग दस हजार छ र त्यसलाई एक लाख बनाउने इच्छा छ भने जुन दिन त्यो एक लाख हुन्छ, त्यसै क्षण मनले दस लाख बनाउने कल्पना गर्छ । यसरी मन र इच्छाको दुरी सधैँ त्यतिका त्यति कै हुन्छ ।

इच्छाहरू बडो अस्वाभाविक र जटिल हुन्छन् । आजका अधिकांश मनुष्यको दुःख र निराशाको कारण उनीहरूका आवश्यकताहरू पूरा नहुनुले होइन, इच्छाहरू पूरा नभएर हो । यिनै इच्छापूर्तिको प्रयासले कहिलेकाहीँ कति धेरै समय र शक्ति लिन्छ भने आफ्ना आवश्यकताहरू पनि अपूरै रहन्छन् । त्यसैले अनावश्यक इच्छा र आकाङ्क्षाहरू भनेको नभेटिने क्षितिज हुन् । यसमा समय खेर फालेर केही प्राप्त हुने छैन । आफ्नो आवश्यकता र महत्त्वपूर्ण इच्छाहरूलाई मात्र पूरा गर्न सके मानव जीवन त्यसै सुखी हुने छ ।

❑❑❑

# वनको कुरूवा

✍. सद्विप्ता खनाल

कक्षा : ८ 'ग'

राजै..... वातावरण सन्तुलन हरायो
राजै..... त्यही हुनाले मेरो मन डरायो
राजै..... वातावरण सन्तुलन हरायो
राजै ..... त्यही हुनाले मेरो मन डरायो

सासै फेर्न गाह्रो भो यिनलाई
स्वच्छ हावा पाइएन लिनलाई
वनको कुरुवा, एउटा रूख काटेसी लगाऊ दुईटा बिरुवा
एउटा रुख काटेसी लगाऊ दुईटा बिरुवा

गुँड भत्कियो, चिरबिर गर्छन् बचेरा मसिना
अचम्मै भो रातिमा नि असिना
रुख मासियो, गुँड बनाउने ठाउँ छैन मेरो
प्यास मेटाउने सुकेका छन् कुवा र पँधेरो

सासै फेर्न गाह्रो भो यिनलाई
स्वच्छ हावा पाइएन लिनलाई
वनको कुरुवा, एउटा रुख काटेसी लगाऊ दुईटा बिरुवा
एउटा रुख काटेसी लगाऊ दुईटा बिरुवा

प्लास्टिक विषादीको प्रयोग हटाएर
उचित ठाउँमा फोहोर फाल बस्ती कटाएर
काम गर चर्को ध्वनि धुँवा हटाएर
वातावरण सफा राख हात समाएर

सासै फेर्न गाह्रो भो यिनलाई
स्वच्छ हावा पाइएन लिनलाई
वनको कुरुवा, एउटा रुख काटेसी लगाऊ दुईटा बिरुवा
एउटा रुख काटेसी लगाऊ दुईटा बिरुवा

राजै..... वातावरण सन्तुलन हरायो
राजै..... त्यही हुनाले मेरो मन डरायो
राजै..... वातावरण सन्तुलन हरायो
राजै ..... त्यही हुनाले मेरो मन डरायो
राजै ..... त्यही हुनाले मेरो मन डरायो
राजै ..... त्यही हुनाले मेरो मन डरायो

❑❑❑

# प्रतिभा पलायन : समस्या र समाधान

✍. आशिष अधिकारी

कक्षा : १० 'क'

**"जन्मभूमि नै स्वर्ग, खोलौं आफ्नो नयन**
**तसर्थ यथाशक्य रोकौं प्रतिभा पलायन"**

यस २१ औं शताब्दीको प्रतिस्पर्धाको युगमा दौडिरहेको धर्तीमा सबै राष्ट्रहरू आफ्नो पहिचान र नाम विश्वमाझ ल्याउन सक्दो प्रयत्नहरू गरिरहेका छन् । ढुङ्गे युगदेखि परिवर्तन हुँदै आएको आजको यस आधुनिक पृथ्वीमा सर्वोत्कृष्ट हुने सबैको चाहना हो । व्यक्तिगत रूपमा मात्र नभई राष्ट्रिय स्तरमा पनि सर्वोत्कृष्ट कहलाउने सर्वोपरि राष्ट्रको इच्छा हुन्छ । देश वा राष्ट्रको बनोट त एक एक गरी व्यक्तिहरूबाट नै हुने भएकाले राष्ट्रको विकासको लागि उत्कृष्ट जनताकै आवश्यकता हुन्छ । मानिस पनि जन्मन्छ र मर्छ तर जन्मेपछि प्राकृतिक रूपमा होस् वा मिहिनेत गरी आर्जन गरेको होस्, प्रतिभा र कला भनेको नमरुन्जेल भनौं या जीवन रहेसम्म सदावहार साथ दिने सामर्थ्य राखेको व्यक्तिगत तत्त्व हो । प्रतिभा भनेको मानिसमा हुने भिन्न खाले अभिन्न क्षमता हो । त्यस्तै प्रतिभाशाली व्यक्तित्वको समूहलाई राष्ट्रगत दृष्टिले प्रतिभा भनिन्छ र सोही प्रतिभा आफ्नो राष्ट्रदेखि बाहिर जानुलाई प्रतिभा पलायन भनिन्छ ।

यस प्राविधिक युगमा कोही गुणस्तरीय जीवन जिएर बसिरहेका छन् भने कोही सडकमा दुई छाक टार्न भौंतारिरहेका छन् । कसैको प्रतिभाको कदर र उपयोग भएकाले उच्च स्तरमा छन् भने कसैको क्षमता गुप्त नै रहेकाले बिच स्तरको जीवन जिउनुपरेको छ । जहाँ आफ्नो प्रतिभा र क्षमताको उपयोग हुँदैन, त्यहाँ रहेर काम गर्ने जाँगर कसैमा नहुनु स्वाभाविक नै हो । देशमा जागिरको कमी, व्यापार व्यवसाय त्यति नफस्टाएकाले आफ्नो चाहना जस्तो सन्तुष्ट जीवन जिउन पाइँदैन । त्यसकारण स्वदेशमा बसी केही गर्छु भन्ने आँट कसैमा छैन । एक त गरिब देश र त्यसमाथि पनि यहाँको खराब राजनीति र भ्रष्टचारले गर्दा वर्षोदेखि पनि देशले फड्को मार्न सकेको छैन । यसर्थ, गुणस्तरीय जीवन जिउन, चाहेजस्तो जागिर खान, आफ्नो प्रतिभा सही स्थलमा उपयोग गर्न र आफ्ना स-सानादेखि विशाल इच्छा आकाङ्क्षा पूरा गर्न प्रतिभाशाली व्यक्तिहरू मुख्यतः विदेशिनु नै पर्ने बाध्यात्मक अवस्था छ ।

नेपालको विषयगत रूपमा अवलोकन वा अध्ययन गर्ने हो भने उच्च स्तरको क्षमता बोकेका राष्ट्रहरूमध्ये नेपाल पनि एक हो । नेपाल भौगोलिक मानचित्रमा सानो भए तापनि यहाँको प्राकृतिक र सांस्कृतिक बनोट विशाल छ । जल सम्पदा र वन सम्पदाका सर्वधनी देशहरूमध्येको एक नेपालमा प्रतिभा, सिप र क्षमता भएका मानिसहरूले

धनाढ्य जीवन जिउन सक्छन् । यहाँ जल सम्पदाको उचित रूपमा सदुपयोग गर्न सके जलविद्युत् उत्पादन गरेर नै करोडौँ कमाउन सकिन्छ । यहाँको वनसम्पदाहरू र त्यहाँ रहेका अन्य जीवजन्तु र वनस्पतिको बारे विश्वभरि ज्ञान "फैलाउन सक्यौँ र पर्यटनको स्तर बढाउन सक्यौँ भने राष्ट्रगत रूपमा मात्र नभई व्यक्तिगत रूपमा पनि प्रतिभाको उत्कृष्ट उपयोग हुन सक्छ । स्वदेशमा नै केही गर्ने आँट विकास गर्न सक्यौँ भने पराईको देशमा गई आफ्ना आफन्तहरूबाट टाढिएर हृदय विदारक भनौँ या दुःखद जीवन जिउनुपर्छ र ? सुख सन्तुष्टिको दौडमा लाग्दा मानिसले कतै न कतै आफ्नो चेतना गुमाएर दुःखद जीवन भोग्नुपरेको पनि देख्न पाइन्छ ।

भौगोलिक विविधता र जैविक विविधता बोकेको हाम्रो देशमा कृषि मात्र गरे तापनि सुखमय जीवन जिउन सकिन्छ भने उत्कृष्ट प्रतिभा र क्षमता भएका मानिसले त यहाँ जनार्दन भई बाँच्न सकिन्छ । सन्दुक रुइत, अनुराधा कोइराला, कुलमान घिसिङ आदि जस्ता जीवित व्यक्तित्वहरूले नि जन्मभूमि नै प्यारो ठानी आफ्नो बहुमुखी प्रतिभा देशकै हितका लागि सदुपयोग गरे । आज उनीहरूलाई हामीले देवताको दर्जामा राख्छौँ । यदि उनीहरू पनि अरू जसरी नै विदेश पलायन भएका भए, आज उनीहरूले जति कदर र सम्मान पाएका छन्, त्यति कदापि पाउने थिएनन् । यी कुराहरू प्रत्येक प्रतिभाशाली व्यक्तित्वको मस्तिष्कमा सधैँ रहनुपर्छ । आफ्नो देशमा नै कसैले गर्न नसकेको आँट गरेर केही गरे अवश्य नै सर्वोत्कृष्ट कहलाउन सकिन्छ ।

जनताले मात्र नभई सरकारले पनि यो कुरामा निकै नै ध्यान पुऱ्याउनुपर्छ । देशका युवाहरूलाई देशमै रहेर काम गर्न उत्प्रेरित गर्न यथाशक्य प्रयत्न गर्नुपर्छ । जागिरको प्रवर्धन, व्यापार व्यवसायको उचित व्यवस्थापन गरिदिए देशका जनताले पनि स्वदेशमै रही केही गर्ने जाँगर गर्छन् । देशको विकास वृद्धि गर्नका लागि सबै जनतालाई शिक्षित एवम् सक्षम बनाउने जिम्मेवारी सरकारले बोक्नुपर्छ । अन्य उत्प्रेरक कार्यक्रम, तालिम सञ्चालनका साथै प्रतिभा प्रस्फुटन जस्ता कार्यक्रमहरू सञ्चालन गरी सक्षम जनताहरू जन्माउनु नै सरकारको भूमिका हो । यसबारे विद्यालयदेखि नै ज्ञान दिइराख्नुपर्छ यसैगरी देशमा रहेका अन्य स्रोतहरू उपयोग गरी कलकारखाना र उत्पादन क्षेत्रहरू विकास गर्नुपर्छ र प्रतिभा पलायन जस्तो गम्भीर समस्यालाई समाधान गरी स्वदेशमा नै रमाउने अनि कमाउने वातावरण सरकारले सिर्जना गर्नुपर्दछ ।

❑❑❑

# मिठाई

✍. आदित्य श्रेष्ठ

कक्षा : ९ 'क'

नेपालको डोल्पा जिल्ला एक विकट ठाउँ हो। त्यस ठाउँमा बिजुली पुगेको पनि धेरै भएको छैन । त्यस ठाउँको एक विकट गाउँमा एक परिवार बस्थे । परिवारमा बुबा, आमा र छोरी थिए । परिवारले पेशामा खेती किसानी रोजेको थियो । उनीहरूको आफ्नो जग्गा नभएका कारण गाउँको साहुको खेतमा काम गर्थे । उनीहरूले खेती गरेबापत पाएको पैसाले जीविका काट्न निकै धौ धौ हुन्थ्यो । अझ, छोरीको विद्यालय शुल्क तिर्दा उनीहरूको सबै पैसा मासिन्थ्यो । छोरी चाहिँ पढाइमा निकै सिपालु थिइन् ।

एक दिन विद्यालयमा वादविवाद प्रतियोगिता भयो । बुबाले छोरीलाई भाग लिन उक्साए तर छोरी भने भाग नलिने भनेर अड्डी कस्न थाली । अन्त्यमा, प्रथम भयो भने, मिठाई खुवाउने सर्तमा उनले छोरीलाई मनाएरै छाडे । उसले छोरी गएपछि आफ्नो गोजी छाम्यो र त्यहाँ आफ्नो दश दिनको कमाइ भेट्यो । पैसा भएको थाहा भएपछि ऊ खुसी भयो र काममा हिँड्यो । बेलुका छोरी टीका, खादा लाएर, हातमा पुरस्कार बोकेर घर आइन् । उनी त प्रथम पो भइछिन् । बुबा र आमा उसलाई देखेर निकै खुसी भए । भोलि शनिबार थियो । घरको काम सकेर बुवा र छोरी बजारतिर लागे । त्यहाँ उनीहरू एक ठुलो र चर्चित रेस्टुरेन्टमा पसे । त्यहाँ बसेर उसले एक प्लेट मिठाई मगायो । केही बेरपछि मिठाई आयो र छोरी त्यसलाई खान थाली । बुबा भने रेस्टुरेन्टको चारैतिर हेर्दै बसे ।

केही समयपछि वेटर त्यहाँ आयो र भन्यो, "सर, हजुर केही लिनुहुन्छ कि ?" त्यसपछि उसले वेटरलाई सारा वृत्तान्त सुनायो । यो कुरा सुनेर वेटरको मनमा दया पलायो । उसले आफ्नो मालिकसँग अलि डराई डराई किसानको कुरा बतायो । मालिकले ध्यान दिएर वेटरको कुरा सुने र उनको मनमा पनि दया पलायो । केही बेरपछि मालिक आफैँ एक प्लेट मिठाई लिएर

किसान सामु गए र मिठाई दिए । आफ्नो अगाडि मिठाई देखेर ऊ डरायो किनभने, ऊसँग सीमित पैसा थियो र त्यस मिठाईको मूल्य उसको दश दिन बराबरको कमाइ थियो । उसले मालिकलाई भन्यो, “ओहो ! यो मेरो मिठाई नै होइन, मैले त मगाएकै छैन, किन ल्याउनुभएको, कृपया यसलाई लिएर जानुहोस् ।” मालिकले भन्यो, “होइन ! यो मेरोतर्फबाट हजुरलाई उपहार हो । मैले तपाईंको समस्या बुझेँ, त्यही भएर ल्याइदिएको हो ।” किसानले मालिकको कुरा सुनेर खुसी भयो र मिठाई झोलामा हाल्न थाल्यो ।

यो देखेर मालिकले उसलाई सोध्यो, “यहीँ खानुहोस् न, किन प्याक गर्न लाउनुभएको?” किसानले जवाफ दियो, “घरमा श्रीमती छे, ऊसँग बाँडेर खान्छु ।” यो सुनेर मालिकले अर्को प्लेट मिठाई पनि किसानलाई दियो । त्यति बेलासम्म छोरीले पनि खाएर सकी । त्यसपछि वेटर र मालिकलाई धन्यवाद दिँदै उनीहरू त्यहाँबाट घर फर्के । बेलुका मिठाई खाँदै उसले श्रीमतीलाई सबै कुरा बतायो । यो संसारमा अझै पनि दयालु व्यक्ति छन् भन्ने कुरा सोचेर खुसी भई उनीहरू निदाए ।

सन्देश : सन्तानले राम्रो गरेमा आमा बुबाको गौरव बढ्छ र उनीहरू खुसी हुन्छन् ।

❑❑❑

# मेरो परिचय

**✍. सफलता खनाल**

**कक्षा : १ ‘ख’**

मेरो नाम सफलता खनाल हो । म ६ वर्षकी भएँ । म केटी हुँ । मलाई खरायो मनपर्छ । मलाई दालभात मासु खान मनपर्छ । मलाई गुलाबी रङ मनपर्छ । मेरो तीन जना मिल्ने साथी छन् ।

❑❑❑

# चरी

✍. प्रबिशा सुबेदी
कक्षा : ४ 'ख'

साना साना दुईटा चरी कति मिलेका,
दुवै जना रुखमा बसी कुरा गरेका ।

चरी साना भए पनि दिमाख ठुलो हुन्छ,
एउटा चरीले छोडे अर्को चरी रुन्छ ।

चरीहरूले आफ्नो घर आफैँ बनाउँछन्
छुन गयो भने फेरि तिनीहरू डराउँछन् ।

चरीहरूले खेतका किराहरू खाइदिन्छन्,
किसानको यिनीहरूले मद्दत गरिदिन्छन् ।

धन्यवाद

❑❑❑

# आमा

✍. विनय बराल

कक्षा : ३ 'क'

नौ महिना कोखमा राखी
संसार देखाउँछिन् ।
मिठो बोली राम्रो कुरा
बोल्न सिकाउँछिन् ।

आफू दुःख सही सही
मलाई बताउँछिन्
मेलापात गरी गरी
मलाई पढाउँछिन् ।

आफू भोकै बसी बसी
मलाई खाना खुवाउँछिन् ।
आफू भित्र रोए पनि
बाहिर हाँसो देखाउँछिन्

संसारमा अघि बढ्ने
बाटाहरू देखाउँछिन् ।
समस्यासँग लड्दा लड्दै
ठुलो मान्छे बनाउँछिन्

❑❑❑

# नानी

✍. आश्ना पौडेल
कक्षा : ५ 'ख'

बाबा आमाकी प्यारी नानी
छु सबैभन्दा ज्ञानी (२) ।

आजको कोपिला भोलिको फूल
जीवनमा कहिले गर्दिनँ भुल (२) ।

पढ्नु छ धेरै गर्नु छ सपना पूरा
बाबा आमाको सपना पार्दिनँ अधुरा (२) ।

❑❑❑

# म

✍. आरती गुरुङ
कक्षा : १ 'ग'

१. मेरो नाम आरती गुरुङ हो ।
२. म ८ वर्षकी भएँ ।
३. म कक्षा १ मा पढ्छु ।
४. मलाई साथीसँग खेल्न मनपर्छ ।
५. म पोखरामा बस्छु ।
६. मलाई दाल भात, मःम खान मनपर्छ ।

❑❑❑

# मलाई मन पर्ने जनावर गाई

✍. प्रसिद्धी भुर्तेल

कक्षा : २ 'ख'

नमस्ते, मेरो नाम प्रसिद्धि भुर्तेल हो । मलाई मन पर्ने जनावर गाई हो । गाई घरपालुवा जनावर हो । गाईका २ ओटा कान हुन्छन् । गाईका ४ ओटा खुट्टा हुन्छन् । गाईको एउटा पुच्छर हुन्छ । गाईले घाँस, पराल र कुँडो खान्छ । गाई हाम्रो राष्ट्रिय जनावर पनि हो । गाई गोठमा बस्छ । गाईका बच्चालाई बाच्छाबाच्छी भनिन्छ । गाई उपयोगी जनावर हो । गाईले हामीलाई दुध दिन्छ, दुध हामी सबैको लागि उपयोगी हुन्छ । गाईलाई लक्ष्मी माताको रूपमा पूजा गरिन्छ । त्यसैले गाईलाई सबैले माया र सुरक्षा गर्नुपर्छ ।

धन्यवाद !

❑❑❑

# सानी बालिका

✍. शान्भी दवाडी

कक्षा : ५ 'क'

म हुँ सानी बालिका ।
पढ्ने लेख्ने मेरो काम ।
बिहान खाने बुबु माम ।
दिउँसो खाने रोटी जाम ।

स्कुल जान्छु पढ्नलाई ।
पढी अघि बढ्नलाई ।
साथीसँग खेल्नलाई ।
ज्ञानी मानिस बन्नलाई ।

मेरो स्कुल ठूलो छ ।
मेरो लक्ष्य ठूलो छ ।
आज्ञाकारी हुनु छ ।
उच्च शिखर छुन छ ।

साथीसँग मिलेर
रमाउँछु खेलेर ।
पढ्ने लेख्ने मेरो काम ।
आऊ साथी सँगै जाम ।

❑❑❑

# विशिष्टता सुन्दर हुन्छ !

✍. आयुष्मा थापा

कक्षा : ७ 'ख'

एक मनोहर गाउँमा, एक सुन्दर 'मीना' नाम गरेकी भरखरकी केटी थिई । उसलाई सबैले राम्रो मान्थे र उसको प्रशंसा गाउँभरि भइरहन्थ्यो तर ती मानिसहरू उसको व्यक्तित्व नहेरी उसको मुहारको सुन्दरतालाई मनपराउने गर्थे । उसको बुबाको स्वास्थ्य राम्रो नभएकाले उसले मजदुरी गरेर बुबालाई अस्पतालमा उपचार गरेकी थिई । त्यस गाउँका मानिस उसको अगाडि नराम्रो नभने तापनि उसलाई घृणा गर्दथे । त्यसको कारण चाहिँ उसको घरबार र कपडा थियो । उसले आफ्नो बुबाको चिन्ताले गर्दा आफ्नो ख्याल राख्न पाउँदिनथिई । उसले लगाएका कपडा फोहोर र नराम्रा थिए भन्ने सोच गाउँमा बस्ने मानिसहरूको थियो । त्यस्तै, उसको आँखाको नानी पनि अरूभन्दा ठूलो थियो । त्यस कारण उनले विद्यालयमा पनि धम्की सहन परेको थियो । उसले कति पटक पटक हार मान्ने विचारबाट दुःख भोग्नु पर्यो । एक दिन, उसले अरू गाउँलेहरूको घृणा थाहा पाई । ऊ सहन नसकी सहरतिर झरी । त्यहाँ उसको बुबाको राम्रो उपचार पनि हुन्छ भनेर ऊ धेरै नसोची मजदुरी गर्न थाली । त्यहाँ धेरै आम्दानी भएन । त्यसैले उसले अफिसमा जागिर खानका लागि निवेदन पत्र बुझाई । ऊ अन्तर्वार्ताका लागि गई । त्यहाँका मालिक निकै दयालु थिए । आउने क्रममै मालिकले उसको आँखालाई हेऱ्यो । ऊ आश्चर्यचकित हुँदै भन्यो, "अहो ! यो त निकै दुर्लभ रहेको छ । अस्ति भरखर मोडलिङ कम्पनीले यस्तै आँखाहरूलाई खोजेको छ भनेर पत्र निकालेको थियो ।" मीना खुसी हुँदै भनिन्, "म सुखका साथ त्यहाँ जान चाहन्छु । मलाई त्यहाँ लैजानुस् न !" दुबै जना गए र मीनाले आफ्ना दुःखहरू बाँडी र उसले राम्रो काम पाई । धेरै पैसा कमाएर ऊचाहिँ प्रसिद्ध भई । उसले आफ्नो बुबाको उपचार पनि गरी । ऊ र उसका बुबा दुवै खुसी भए भने गाउँलेहरू छक्क परे र बुझे कि विशिष्टता सुन्दर हुन्छ ।

❑❑❑

# शिक्षा

✍. प्रसुन पुर्जा

कक्षा : ७ 'क'

शिक्षित मान्छे सबैको हुन्छ सधैँ प्यारो ।
शिक्षा विना जिन्दगी नै हुन्छ अँध्यारो ॥

दिनरात मेहनत गरी सबले पढ्नुपर्छ ।
सफलताको शिखरमा हामी चढ्नुपर्छ ॥

सफलताले पच्छ्याउँछ जो धेरै खट्छ ।
विद्या जति बाँड्दै गयो उति अझै बढ्छ ॥

नीतिनियम मूर्ख व्यक्ति कोर्न सक्दैन ।
चोरले पनि विद्यालाई चोर्न सक्दैन ॥

योग्यताले हाम्रो बाटो खुल्छ जताततै ।
शिक्षाबिना जता पनि अन्धकार जस्तै ॥

कोसिस गरेपछि मात्रै राम्रो हुन्छ पढाइ ।
ठुलावडा दिनु हुन्छ आशीर्वाद र बधाई ॥

पढाइमा खर्च गर पुरानो लाऊ वरू ।
शिक्षाभन्दा ठुलो चिज केही छैन अरू ॥

❑❑❑

# वातावरण (कविता)

✍. सुभद जङ्ग थापा

कक्षा : ६ 'ख'

बचाउनुपर्छ यसलाई
बचाउनुपर्छ देशलाई
यो सरर बतास आहा ! कति मिठो
वातावरण स्वच्छ बनाऔँ जति हुन्छ छिटो

वातावरण बचाऔँ अनि यसमा रमाऔँ
यो जोगाएर पैसा पनि कमाऔँ
स्वच्छ वातावरण नभए कोही रहन्न
वातावरण स्वच्छ भए कोही रुँदैन

पहिलाको वातावरण कति थियो राम्रो
अहिलेको, किन भयो यस्तो नराम्रो
त्यसैले बचाउनुपर्छ यसलाई
बचाउनुपर्छ देशलाई ।
धन्यवाद !

❑❑❑

# गुरु

✍. आर्या हमाल

कक्षा : ७ 'क'

गुरु,
गुरुबाट नै हुन्छ शिक्षा सुरु,
ब्रह्मान्दका शिक्षक,
उनी हुन् सबैका दीक्षक,
उनको साथले संसारको विकास र उन्नति,
उनीबिना सबैको अवनति,
सबैलाई दिन्छन्, उनले आफ्नो सहयोगी हात,
उनको आशीर्वाद छ सबैको साथ,
गर्छन्, उनले गौतम बुद्धको झैं तपस्या र ध्यान,
बाँड्छन् उनले सरस्वती माताका ज्ञान,
उनकै सहाराले बन्छन्, सबै विद्वान्,
सबैमाथि छ उनको आशीष,
उनकै मद्दतले गर्छन्, सबै कोसिस,
छन्, उनी साह्रै महान्,
हाम्रो प्रगति नै हो उनको शान
जीवन हाम्रो रहन्छ साह्रै राम्रो,
किनकि छ हरेक पल आशीर्वाद उनको,
शुभकामना ! गुरुपूर्णिमाको सबैलाई,
भनी गर्न चाहन्छु, अब म बिदाइ ।

❑❑❑

# विद्युत् प्रयोग गरौं

✍. अनन्यराज सापकोटा

कक्षा : २ 'ग'

आज भोलि विज्ञान र प्रविधिको विकास भइरहेको छ । यसले गर्दा विद्युतीय गाडीहरूको विकास भइरहेको छ । पेट्रोलियम गाडीभन्दा विद्युतीय गाडी उपयुक्त हुन्छ किनकि पेट्रोल हामीले जमिनमुनिबाट निकाल्ने चिज हो । एक दिन यो पृथ्वीको पेट्रोल सकिने छ । विद्युतीय गाडीमध्ये एलन मस्कको टेस्ला पनि एक हो । यो गाडी बनाउने प्रविधि विश्वकै धनी व्यक्ति एलन मक्सको हो । नेपालमा एक जना मात्र व्यक्तिले यो गाडी चढ्छन् र उनको नाम सञ्जय गोल्छा हो । उनीसँग एउटा टेस्ला गाडी छ । त्यो गाडी आफैँ पनि चल्न सक्छ । मेरो स्कुलका उपप्राचार्य वेदप्रसाद शर्मा सरको पनि अर्को कम्पनीको विद्युतीय गाडी छ । अहिले नेपालमा पेट्रोलियम पदार्थको अभावका कारण मूल्य वृद्धि भइरहेको छ । समस्या समाधानको लागि हामी सबैले अबदेखि पेट्रोलियम पदार्थको सट्टा विद्युत्को प्रयोग गर्नुपर्छ ।

❑❑❑

# पोखरा

✍. इवाना श्रेष्ठ

कक्षा : २ 'क'

मलाई मन पर्ने ठाउँ पोखरा हो । मेरो पोखरा सहर राम्रो र रमाइलो छ । पोखरामा धेरै घुम्ने ठाउँहरू छन् । पोखरा सफा र सुन्दर अनि हरियाली छ । पोखराको वरिपरि धेरै तालहरू छन् । तालहरूमध्ये फेवाताल राम्रो ताल हो । फेवातालको बिचमा बाराही मन्दिर छ । त्यसैले मलाई मेरो पोखरा राम्रो लाग्छ ।

❑❑❑

# आमाको माया
# कथा

✍. प्रिन्सी गुरूङ

कक्षा : २ 'ख'

एकादेशमा एउटा गाउँ थियो । त्यहाँ ठुली र ठुलीको परिवार बस्थे । ठुलीको परिवारमा ठुली र उसका आमा बुबा मात्र थिए । उनीहरू मिलेर आफ्नो दैनिकी गुजारेका थिए । एक दिन ठुलीकी आमाको अचानक मृत्यु भयो । त्यस दिनदेखि ठुलीको जीवनमा दुःख मात्र हुन थाल्यो । बुबाले घर परिवार सम्हाल्नको लागि भए पनि अर्को विवाह गर्नुभयो । जसले गर्दा घरको रेखदेख त भयो तर ठुलीलाई भने कुनै रमाइलो र रेखदेख भएन । उसलाई सौतेनी आमाले देखावटी माया गर्नुहुन्थ्यो बुबा हुँदा, अरू बेला गाली गर्ने, पढ्न नदिने, खालि घरको काम मात्र गराउने गर्नु हुन्थ्यो । जसको कारण ऊ दिनप्रति दिन टोलाउन, झोक्राउने गर्न थाली । साथीहरूले पनि फोहोरी केटी भनी गिज्याउने, समूहमा नखेलाउने, माया नगर्ने गर्थे । ठुलीले बिस्तारै विद्यालय पनि छोडी । ऊ घरै बसेर घरको काम गर्थी । एक दिन सौतेनी आमाले ठुलीलाई गर्ने व्यवहार देखेपछि बुबाले सौतेनी आमालाई गाली गर्दा ठुलीले बुबालाई रोकी र गाली नगर्नू भनी बुबालाई सम्झाई । यो देखेर सौतेनी आमालाई पछुतो लाग्यो र ठुलीसँग माफी मागिन् । फेरि उनीहरू नयाँ जीवन सुरुवात गरी मिलेर बसे । आजभोलि ठुली सौतेनी आमाको माया र हेरचाह पाएपछि खुसी भई र विद्यालय पनि नियमित जान थाली ।

धन्यवाद !

❑❑❑

# शरीर लज्जास्पद

✍. प्रशंसा सापकोटा

कक्षा : ६ 'ग'

कक्षा छमा अध्यनरत न्याउली निकै चञ्चल स्वभावकी थिइन् । उनी पढाइमा ठिकठाक नै थिइन् । मोटो मोटो उनको शरीरको बनावट र करिब ५ फुट ४ इन्च उनको लम्बाइ थियो । उनको मिल्ने साथी प्रिया, उनी सँगै पढ्थिन् । दुवै जना मिलनसार थिए । घरमा न्याउलीलाई धेरै हौसलायुक्त वातावरण थियो । यति हुँदाहुँदै पनि उनी खुसी थिइनन् । उनी दिनरात चिन्तामा बस्थिन् । आफ्नो दैनिकी लेख्दै मनको पीडा कम गर्थिन् । बाहिरबाट चञ्चल, खुसी देखिने न्याउलीको भित्री मन मरिसकेको थियो । अन्ततः उनले आत्महत्या गरिन् । धेरै पछि उनको डायरी खोलेर हेर्दा पीडादायी कुराहरू रहेछन् । उनलाई उनका आफ्नै साथीहरूले मोटी भनेर वर्षौंदेखि हेपिरहेका रहेछन् । उनको आफ्नै मिल्ने प्रियाले पनि "तँलाई कुनै साथीहरूले मन पराउँदैनन्, तँ साथीहरूको नजरमा पर्न सक्दैनस् कहिल्यै, तेरो शरीर मोटो, तँ हामी जस्तो फुर्तिलो छैनस्, तेरो दाँत नमिलेको, तेरो आँखा कमजोर" जस्ता कुराहरूले होच्याएका रहेछन् । बल्ल उनका बुबाआमाले थाहा पाए, उनको हरेक जिद्दीमा पीडा लुकेको रहेछ । उनी सधैं बिहान उठेर व्यायाम गर्ने, राति खाना नै नखाने गर्थिन् । दाँत बनाउने भन्दै घरमा जिद्दी गर्थिन् तर उनले आफ्नो पीडा कसैलाई बताउन सकिनन् र कसैले उनको कुरा बुझ्न पनि चाहेनन् ।

❑❑❑

# मेरो परिचय

✍. दर्शना ढुङ्गाना

कक्षा : १ 'क'

मेरो नाम दर्शना ढुङ्गाना हो । मेरो परिवारमा ५ जना सदस्य हुनुहुन्छ । मेरो बुबाको नाम दिवाकर ढुङ्गाना हो । मेरी आमाको नाम रस्मी ढकाल हो । मेरो हजुरबुबाको नाम मुरारी ढुङ्गाना हो । मेरी हजुरआमाको नाम कृतिका आचार्य ढुङ्गाना हो । मेरो हजुरबुवा फलफूल रोप्नु हुन्छ । मेरी आमाले मिठो खाना पकाउनु हुन्छ । मेरो परिवार रमाइलो छ ।

❑❑❑

# आमा

✍. श्रेया थापा

कक्षा : ४ 'क'

नौ महिनासम्म कोखमा राखेर कति दुःख भोग्यौ ।
कति कष्ट सहेर बल्ल जन्म दियौ ।

आमा नै हुन् मलाई संसार देखाउने ।
आमा नै हुन् मलाई उन्नतिको शिखर टेकाउने ।

धनीले गरिबलाई नगर्नू अपमान ।
राम्रो काम गर्छु अनि राख्छु तिम्रो मान ।

शान राख्छु आमा तिम्रो गर्छु राम्रो काम ।
म सानो हुँदा कति गऱ्यो माया र मान ।

सम्मान गर्छु आमा तिम्रो काम गर्छु राम्रो ।
यो संसारमा तिमीबाहेक को नै छ र हाम्रो ।

❑❑❑